

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २२ गते शनिबार ❑ 4 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## क्षमतावान् जनशक्ति उत्पादन र उपयोगमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

जेसिज सप्ताहका अवसरमा पोखरा जेसिजद्वारा शुक्रबार यहाँ आयोजित 'आर्थिक विकास समृद्धिको आधार, वर्तमान परिस्थिति, सम्भावना र चुनौती' विषयक अन्तरसंवाद कार्यक्रममा समृद्धिका लागि क्षमतावान् जनशक्ति उत्पादन र उपयोग आवश्यक भएकामा जोड दिइएको छ ।

देश समृद्धिको मुख्य आधारस्तम्भका रूपमा रहेका युवा जनशक्ति पलायनको अवस्था चुनौतीपूर्ण भएको बताउँदै कार्यक्रमका वक्ताहरूले दक्ष जनशक्ति तयार गर्ने किसिमको व्यावसायिक र सीपमूलक शिक्षाको सुनिश्चिततामा जोड दिनुपर्ने धारणा राख्नुभयो । उनीहरूलाई स्वदेशमा नै उपयोग गर्ने गर्ने वातावरण तयार गर्नुपर्ने समेत बताउनुभयो ।



कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले देशको विद्यामान युवा पलायन रोक्नेगरी समृद्धिको यात्रा तय गर्नुपर्ने बताउनुभयो । उहाँले देशको प्रचुर सम्भावनाका बाबजुद राजनीतिक परिवर्तनपछि समृद्धिको नेतृत्व लिननसक्दा राजनीतिक नेतृत्वप्रति प्रश्न उठेको भन्दै अब त्यो अवस्थालाई चिर्न एकतावद्ध भएर काम गर्नुपर्ने बताउनुभयो । भूकम्प, कोभिडलगायत विभिन्न कारणले दबाबमा रहेको अर्थतन्त्र सुधारका लागि सरकारले काम गरिरहेको पनि उहाँको भनाइ थियो । नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय अध्यक्ष चन्दप्रसाद ढकालले देश आर्थिकरूपमा केही अफ्ठ्यारा अवस्था रहे पनि निराश हुनुपर्ने अवस्था भने नरहेको बताउनुभयो । देशमा लगानी भित्र्याउने सम्बन्धमा सत्ता, प्रतिपक्षका साथै सबै राजनीतिक दल एकहुनु आवश्यक रहेकामा उहाँको जोड दिनुभयो ।

गण्डकी प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा श्रीकान्त खतिवडाले नेपालको आर्थिक नीति परिणाममुखी बन्ननसक्दा अर्थतन्त्रमा सुधारआउन नसकेको धारणा राख्नुभयो । प्राविधिक शिक्षालाई प्राथमिकता दिँदै विदेश पलायन हुनलागेको युवा जनशक्ति नेपालमा नै रोकिने वातावरण बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेशका अध्यक्ष धर्मराज पन्थीले देशको समृद्धिको महत्वपूर्ण आधार पर्यटन भएकाले यस क्षेत्रमा पूर्वाधार विकाससँगै पदयात्रा क्षेत्रमा सरकारले लगानी बढाउनुपर्नेमा जोड दिनुभयो ।

## मुख्यमन्त्री अधिकारीले वैशाख २३ गते विश्वासको मत लिने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले यही वैशाख २३ गते गण्डकी प्रदेशसभामा विश्वासको मत लिनुहुने भएको छ ।

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टबाट गत चैत २५ गते नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त हुनुभएका मुख्यमन्त्री अधिकारीले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेशसभामा वैशाख २३ गते विश्वासको मत लिनुहुने भएको हो । मुख्यमन्त्री अधिकारीले वैशाख २३ गते दिनको ३ बजे प्रदेशसभामा विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गर्ने सूचना शुक्रबार गण्डकी प्रदेशसभाको सचिवालयमा दर्ता गराउनुभएको प्रदेशसभा सचिव हरिराज पोखेलले जानकारी दिनुभयो ।

## मुग्लिन-पोखरा सडकको पूर्वी खण्डमा १३ पुल निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ बैशाख

मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत पूर्वी खण्डमा १३ पक्की पुल निर्माण कार्य सम्पन्न भएको छ । जिल्लाको पूर्वी खण्डमा पर्ने आँबुखैरेनीदेखि म्याग्देको जामुनेसम्मको ४१ दशमलव सात किलोमिटर दूरीमा उक्त पुल निर्माण गरिएको हो ।

दमौली, डुम्रे र आँबुखैरेनी क्षेत्रमा गरी तीन ठूला पुलको निर्माण कार्य भइरहेको आयोजनाका पूर्वी खण्डका प्रमुख श्यामकुमार यादवले जानकारी दिनुभयो । मादी नदीमा निर्माणाधीन आर्क डिजाइनको पुल छुट्टै ठेक्का भएर निर्माण कार्य अघि बढाइएको हो । "उक्त पुलको लम्बाइ तीन सय १५ मिटर रहेको छ", उहाँले भन्नुभयो "पुलको हालसम्म २० प्रतिशत कार्य प्रगति भइसकेको छ ।" उहाँका अनुसार पूर्वी खण्डमा हालसम्म ५७ प्रतिशत कार्य प्रगति भएको छ । पृथ्वी राजमार्ग सडकअन्तर्गत सदरमुकाम दमौली बजार क्षेत्रमा ७० घर भत्किने छन् । त्यसमध्ये ४० जनाले मुआब्जा लिएर पनि घर भत्काउन चासो दिएका छैनन् । मुआब्जा लिन नआएका र लिएकाले समेत समयमा घर नभत्काइ दिँदा दमौली बजार क्षेत्रमा सडक विस्तारका कार्य अघि बढाउन समस्या भएको उहाँले बताउनुभयो । दमौली बजार क्षेत्रमा कति जनाले मुआब्जा लिए, कतिले भत्काउन थाले र कतिले मुआब्जा नलिई बसेका छन् भन्नेलगायतका विषयमा परामर्श दाताले प्रतिवेदन तयार गरिरहेको उहाँले बताउनुभयो । "परामर्श दाताले प्रतिवेदन बुझाएपछि कुन विधिबाट भत्काइने हो प्रक्रिया अघि बढाइनेछ, नभत्काइ सुखै छैन", उहाँले भन्नुभयो, "सदर मुकाम व्यापारिक केन्द्र भएकाले संवेदनशीलतालाई बुझेर अहिले दमौलीभन्दा दायाँबायाँका क्षेत्रमा काम गरिएको छौँ ।"

पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । पूर्वी खण्डका लागि रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको थियो । उक्त खण्डमा हालसम्म १८ किमी चार लेन र नौ किमी दुई लेन सडक कालोपत्र कार्य भएको छ । उक्त आयोजनाअन्तर्गत पूर्वी खण्डको सम्झौता म्याद सकिएको छ । विसं २०८१ वैशाख २ गते सम्झौताअनुरुप म्याद सकिएपछि पुनः म्याद थपका लागि प्रक्रिया अघि बढाइएको छ । पृथ्वी राजमार्ग सडकअन्तर्गत पूर्वी र पश्चिम खण्डमा गरी दुई खण्डमा सडक विस्तार कार्य धमाधम भइरहेको छ । त्यसअनुरुप पश्चिम खण्डमा करिब २३ प्रतिशत कार्य प्रगति भएको छ ।

## पूर्ण कार्यान्वयन हुने खालको बजेट ल्याउँछौ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले कार्यान्वयन हुने खालको नीति कार्यक्रम र बजेट ल्याउने तयारीमा आफू जुटेको बताउनुभएको छ ।

शुक्रबार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा सञ्चारकर्मीसँग कुरागर्दै उहाँले चालु आर्थिक वर्षको बजेट पूर्ण कार्यान्वयन हुने अवस्था नदेखिएको भन्दै आगामी आर्थिक वर्षमा पूर्ण कार्यान्वयन हुने खालको बजेट ल्याउने दावी गर्नुभयो । 'चालु आर्थिक वर्ष नीति कार्यक्रममा जे थियो बजेटमा त्यो छैन, बजेटमा जे पास भयो कार्यान्वयनमा त्यो छैन, त्यसले गर्दा हाम्रो बजेट पूर्ण रुपमा कार्यान्वयन हुने अवस्थामा देख्दिन' उहाँले भन्नुभयो ।

यो आर्थिक वर्षमा देखिएको समस्यालाई गम्भिरतापूर्वक मूल्याकंन गरेर आगामी आर्थिक वर्षको बजेट बनाउनुपर्ने उहाँको भनाई छ । बजेटको लागि सिद्धान्त र प्राथमिकताहरू तोक्ने नीति कार्यक्रम बनाउने र बजेट निर्माण गर्ने काम अब तुरुन्त थाल्नुपर्ने उहाँले सुनाउनुभयो ।

पहिलो पञ्चवर्षीय योजना समाप्त भएर दोस्रो पञ्चवर्षीय योजना बनाउने काममा सरकार रहेकोले झण्डै २५ लाख जनसंख्याले लाभ लिने गरी बजेट बनाउनुपर्ने बताउनुभयो ।

बहुवर्षीय योजनाका नाममा स्रोत र आवश्यकतालाई ध्यान नदिँदा समस्या भएको उहाँले औल्याउनुभयो । सरकार परिवर्तनको समयमा आर्थिक अनुशासन तोडेरै काम भएको समेत उहाँको दावी छ । 'बहुवर्षीय योजनाका नाममा, नेताहरुको पहुँचको भरमा, आवश्यकता छ की छैन, स्रोत छ की छैन नहेरी, जाँदा-जाँदै साथीहरूले वित्तिय अनुशासन नियमलाई कार्यान्वयन नगरेरै काम भएका छन्' उहाँले भन्नुभयो । शुक्रबार मात्र यस विषयमा मन्त्री र सचिवलाई राखेर कुरा गरेको उहाँको भनाई थियो ।

'आज बिहान मात्रै भौतिक पूर्वाधार र अर्थ मन्त्रालयका सचिव र मन्त्रीलाई राखेर कुरा गरे, झण्डै ३२ अर्ब भन्दा बढीको बजेट बनाउन सक्दैनौ होला अनि आधा भन्दा बढी समय त्यहीं खर्च हुन्छ, नयाँ काम हामीले केही गर्न नसक्ने गरी बोझ थुपार्न खोजिएको छ' उहाँको गुनासो


बाँकी अन्तिम पृष्ठमा ▶▶


## प्रदेश स्तरीय बेइजिङ प्लस ३० परामर्श कार्यशाला सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

महिलाका सवालमा उठाइएका विभिन्न संवैधानिक व्यवस्था, लैङ्गिक समानता र सशक्तीकरण, स्वास्थ्य शिक्षा लगायतका विषयका व्यवहारिक पक्षलाइ सबल बनाउनु पर्ने लगायत वेइजिङ्ग कार्यनीति माथिको कार्यान्वयको अवस्थाको बारेमा प्रदेश स्तरीय बेइजिङ प्लस ३० परामर्श सम्पन्न भएको छ ।

वियोण्ड बेइजिङ कमिटि गण्डकी प्रदेशको आयोजनामा बेइजिङ प्लस ३० परामर्शमा गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री एवम प्रदेश सभा सदस्य सीता सुन्दासले राज्यका तिनै तह तथा सम्पूर्ण निकायमा महिलालाई समानुपातिक एवं अर्थपूर्ण साझेदारी अपरिहार्यतामा जोड दिनुभयो । उहाँले नीति निर्माण तहमा महिलाको उपस्थिती बढाउन महिला सशक्तिकरणमा जोड दिएर सामुहिक सोचबाट अघि बढ्नु पर्ने भन्दै बनेका नीति नियमको प्रभावकारी ढङ्गले कार्यान्वयन भए-नभएको अनुगमन गर्न प्रभावकारी संयन्त्र बनाउनु पर्नेमा जोड दिनुभयो ।



परामर्शमा गैरसहकारी संस्था महासंघका गण्डकीका अध्यक्ष गोपाल खड्काले महिलाको स्थितिको अध्ययन गरेर सोही अनुसारको कार्यक्रम तय गर्नुपर्ने बताउनुभयो । राष्ट्रिय अपाङ्ग महासंघ गण्डकीका खुमराज सुवेदीले राष्ट्रिय अन्तराष्ट्रिय कानुनहरु बने पनि कार्यान्वयनका पक्ष भने प्रभावकारी हुन नसकेको धारणा राख्दै समानता कायम गर्न देखिएका अवरोधहरु केके हुन त्यसको पहिचान गर्न आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका पूर्व प्रदेशसभा सदस्य प्रभा कोइराला, रुपा गाउँपालिकाका उपाध्यक्ष लालसुवा गुरुङ, मुस्लिम महिला आमा समुहका अध्यक्ष नास्वुन निसा खान लगायतले सामाजिक न्याय र समानताका लागि महिलाको भुमिकाको महत्वमाथि धारणा राख्दै विभेद र हिंसा न्युनिकरणमा समविकासमा जोड दिनुपर्ने धारणा राख्नुभयो ।

वियोण्ड वेइजिङ्ग गण्डकीका अध्यक्ष उषा बरुवालले प्रदेश स्तरीय परामर्शको औचित्य माथि प्रष्ट पार्दै १९९५ मा वेइजिङ घोषणापत्रलाई प्रत्येक पाँच पाँच वर्षमा समिक्षा गर्दै प्रतिवेदन बुझाइने र यसले नीति निर्माणमा भुमिका खेल्ने बताउनुभयो ।

वेइजिङ्ग भएको चौथो विश्व महिला सम्मेलन १९९५ वेइजिङ्ग घोषणापत्र पारित भएको थियो । इन्सेक पैरवी विभागका प्रमुख सम्झा श्रेष्ठले वेइजिङ्ग घोषणापत्र र कार्यमञ्च को बारेमा प्रस्तुती राख्दै महिलाहरुको लागि समानता, विकास, शान्ति प्राप्त गर्ने उदेश्यको अन्तराष्ट्रिय प्रतिवद्धताको रुपमा रुपमा यसको महत्व माथि प्रकाश पार्नुभएको थियो । गण्डकी प्रदेशका ११ जिल्लाबाट उपस्थित सहभागीहरुले वेइजिङ्ग कार्यनीतिका १२ वटा सरोकारका सवालहरु 'महिला र गरिबी', 'महिला र वातावरण', ' महिला र अर्थतन्त्र', 'महिला शिक्षा र तालीम' र 'महिला र स्वास्थ्य' 'महिला विरुद्धको हिंसा', 'महिला सशस्त्र संघर्ष', ' महिला र अर्थतन्त्र', 'शत्ति संरचनन र निर्णय तहमा महिला', ' महिला विकासका लागि संस्थागत संरचना', 'महिलाको मानव अधिकार महिला र सञ्चार' , ' बालिका' विषयको समिक्षा गर्दै सुझाव सहितको प्रस्तुती राखेका थिए। वियोण्ड वेइजिङ कमिटिका एक्सपर्ट अन्जना केसीले समानतामुलक समाजका लागि निरन्तरको खबरदारी र कानुनको कार्यान्वयनमा जोड दिनुपर्ने धारणा राख्दै सहभागिहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोउवा संघमा काठमाडौं विश्वविद्यालयका वैज्ञानिकहरु

पोखरापत्र संवाददाता
पोखरा, २१ बैशाख



दक्ष जनशक्तिको अभाव उद्योगी/व्यवसायीका साझा समस्या हुन् । पलायनको समस्या उस्तै पेचिलो छ । योग्यताका फाइल बोकेकाहरुको लर्को पनि उस्तै छ ! एकातिर विश्वविद्यालयबाट उत्पादित जनशक्ति उद्योग/प्रतिष्ठानमा नबिक्ने अर्कोतिर बेरोजगारी । समस्याको समाधान के होला ? काठमाडौं विश्वविद्यालयले उपाय खोजी गर्न थालेको छ । उसले उद्योगी/व्यवसायीहरुसँगको सहकार्यमा उनीहरुले चाहेजस्तो जनशक्ति तयार पार्ने कामको सुरुवात गरेको छ । त्यही सन्दर्भमा शुक्रबार काठमाडौं विश्वविद्यालयले इनरजाइज नेपाल परियोजना,हाइड्रो ल्याब परियोजनासँग सम्बन्धित विज्ञसहित पोखराका उद्योगी/व्यवसायीसँग छलफल गरेको छ। पोखरा उद्योग वाणिज्य संघको अगुवाइमा सम्पन्न अन्तरक्रिया वर्तमान अवस्थामा उद्योगीहरुले भोग्नुपरेका समस्या र समाधानका लागि विश्वविद्यालय र नेपाल सरकारसँग सहकार्य विषयसँग सम्बन्धित थियो।कार्यक्रममा बोल्दै काठमाडौं विश्वविद्यालयअन्तर्गतको स्कूल अफ इञ्जिनियरिङका डीन प्रा.डा. मनिष पोखरेलले विश्वविद्यालय हातमा मैलो लाग्छ कि भन्ने हैन कि साँच्चै कार्यक्षेत्रमा खटिने इञ्जिनियर र त्यस्तै जनशक्ति उत्पादनको दिशामा अगाडि बढेको बताए । निजी क्षेत्रको आवश्यकता अनुसारको जनशक्ति उत्पादनले मात्र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने तथा रोजगारी बढाउने भएकाले विश्वविद्यालयले यो अवधारणा अगाडि सारेको उनको भनाइ थियो । 'हामी तपाईंले चाहेजस्तो जनशक्ति उत्पादन गर्न चाहन्छौं, त्यस्तो जनशक्तिलाई पढ्दापढ्दै जागिर दिने अवस्था सिर्जना हुनुपऱ्यो भन्ने पनि छ,' उनले भने,' नीतिगत रुपले यस्ता विषयमा पैरवी गर्ने पनि हाम्रो उद्देश्य हो ।' काठमाडौं विश्वविद्यालयले हालै हरित उर्जाको रुपमा हाइड्रोजन ग्यासको सफल उत्पादन र परीक्षण गरेको प्रसंग झिक्दै उनले उद्योग क्षेत्रमा त्यसको उपयोगिता बढाउनुपर्ने आवश्यकता पनि औंल्याए । विश्वविद्यालयका अर्का प्रा.डा. भुपेन्द्र बिमल क्षेत्रीले अब उद्योग क्षेत्रमा अनुसन्धानमुलक जनशक्तिको आवश्यकता औंल्याउँदै निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादन नै यो परियोजनाको लक्ष्य भएको बताए। विश्वविद्यालयका प्राज्ञिक औद्योगिक संयोजक डा. राम लामाले हाइड्रोजनको उपभोग बढाउँदै निर्माणलगायतका क्षेत्रमा यसको प्रयोग हुने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिए । यो अभियानमा पोखरा उद्योग वाणिज्य संघसँग सहकार्य गर्ने उनको भनाइ थियो ।

कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा कार्यवाहक अध्यक्ष गोकर्ण कार्कीले नेपालको निजी क्षेत्र प्राज्ञिक अनुसन्धानमा सघाउन तथा सहकार्य गर्न तयार रहेको बताए । हरित उर्जाको खपत बढाउन आवश्यक पर्ने नीतिगत पैरवी गर्ने प्रतिवद्धता पनि उनको थियो । कार्यक्रममा बोल्ने निजी क्षेत्रका प्रतिनिधिहरुले दक्ष जनशक्तिलाई देशमै रोक्न नसकिएको,पढेर आएका व्यक्तिलाई काममा लगाउँदा धुलो-मैलोमा लुटपुटिन नै नचाहेको,हरित उर्जा उपयोगलाई कसरी औद्योगिक क्षेत्रमा प्रयोगमा ल्याउने भन्नेबारे नीतिगत अस्पष्टता रहेकोलगायतका समस्याहरु सुनाएका थिए । उद्योग/व्यवसायलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन भए उनीहरुलाई पढ्दापढ्दै जागिर दिन सकिने पनि उनीहरुको भनाइ थियो ।

# कालिका माविलाई छात्रा क्रिकेटको उपाधि




पोखरापत्र संवाददाता
पोखरा, २१ बैशाख

कालिका माविले कंगारु एजुकेशन फाउण्डेशन टी-ट्वान्टी छात्रा क्रिकेट प्रतियोगिताको उपाधी जितेको छ।

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना तथा महानगर क्रिकेट संघ पोखराको संयोजनमा पोखरा रंगशालामा शुक्रबार भएको फाइनल खेलमा सिद्ध माविलाई ४ विकेटले पराजित गर्दै कालिकाले सो उपाधी रक्षा गरेको हो। पहिला ब्याटिङ गरेको सिद्धले पुरा २० ओभरमा सम्पूर्ण विकेट गुमाएर १ सय ४ रन बनाएको थियो । सिद्धका लागि रचना चौधरीले ४५ रन बनाइन् । कालिकाका बलरहरु पूर्णिमा गुरुङ र श्रद्धा गुरुङले समान ३ तथा अञ्जना सिंखडाले २ विकेट लिइन् । जितका लागि १ सय ५ रनको लक्ष्य पछ्याएको कालिकाले १९ औं ओभरमा ६ विकेट गुमाएर विजयी लक्ष्य पार गर्यो । कालिकाको जितमा श्रद्धा गुरुङले अभिजित २६ तथा रिया गुरुङले २१ रनको पारी खेले । सिद्धका बलरहरु रेजिना गदलले २ तथा सञ्जिला राना मगरले १ विकेट लिइन् । प्रतियोगितामा कूल १ सय ४६ रन तथा ७ विकेट लिएकी सिद्धकी रचना चौधरी प्लेयर अफ द सिरिज बनिन् । २ सय ३ रन बनाएकी कालिकाका रिया गुरुङ वेष्ट ब्याटर तथा ९ विकेट लिइकी श्रद्धा गुरुङ उत्कृष्ट बलर भइन् । विजयी खेलाडीहरुलाई समापन समारोहका प्रमुख अतिथि आयोजक समितिका अध्यक्ष दिपक बहादुर गोदार, सदस्य सचिव सुवास खड्का, मुख्य प्रायोजकका तर्फबाट टी.आर.काफ्ले, पोखरा-३ का पूर्व वडाध्यक्ष रबिन्सन प्रजु, संयोजककर्ता समितिका अध्यक्ष बिरेन्द्र पुन, उपाध्यक्ष गोविन्द प्रधान लगायले ट्रफि मेडल प्रमाणपत्र प्रदान गरे ।

सो अवसरमा बोल्दै प्रमुख अतिथि गोदारले विद्यालयस्तरबाटै खेलाडी उत्पादन गर्न समितिले ग्रासरुटका कार्यक्रमलाई प्राथमिकतामा राखेको बताए । त्यस्तै, बिरेन्द्र पुनले प्रतियोगिता सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरे ।


# हार्दिक बधाई तथा शुभकामना !



यस समितिका सक्रिय सदस्य **श्री राजु आचार्य** लामो समयदेखि प्रकृतिको संरक्षण (विशेष गरेर लाटोकोसेरोको अनुसन्धान तथा संरक्षणमा) समर्पित भएबापत **५०,००० पाउण्ड (झण्डै नेपाली रु ८३ लाख बराबर)** नगद राशीको विश्व प्रसिद्ध '**ह्विटली पुरस्कार**' बाट बेलायतमा पुरस्कृत हुनुभएकामा हामी पनि हर्ष विभोर भएका छौं। खुशीको यस क्षणमा उहाँलाई **हार्दिक बधाई** व्यक्त गर्दै उहाँको उत्तरोत्तर प्रगतिका साथै प्रकृतिको संरक्षणमा निरन्तर सक्रियताका लागि **मङ्गलमय शुभकामना** प्रकट गर्दछौं ।

**धिरज प्रसाद ढेवाजू**
**अध्यक्ष एवम्**
**बाल गोपाल यूवा समिति परिवार**
**पोखरा १३, गौंडाकोमुख**


## पूर्ण ...

थियो। चालु आयोजना पुरा नहुने, नयाँ योजना सुरु गर्न नसक्दा सरकारको औचित्य माथि नै प्रश्न खडा हुने भएकोले त्यसलाई ध्यान दिएर आफूले काम गर्न खोजेको उहाँले सुनाउनुभयो । पर्यटनको राजधानी रहेको गण्डकी प्रदेश पर्यटनका दुई महत्वपूर्ण विषयवस्तु प्रकृति र संस्कृतिमा धनी प्रदेश रहेको उहाँले बताउनुभयो ।

यहाँ भएका सम्पदालाई बलशाली बनाएर राष्ट्रिय अन्तरराष्ट्रिय रुपमा प्रचार प्रसार गर्दै महत्वलाई अझ व्यापक बनाउदै नयाँ पुस्तालाई देश र जनताप्रति आस्था जगाउन खालका काम आफनो नेतृत्वको वर्तमान सरकारले गर्ने बताउनुभयो । उर्जामा अन्य प्रदेशभन्दा गण्डकी अगाडि रहेको भन्दै वैकल्पिक उर्जा, हाइड्रो लगायतबाट समेत राम्रो लाभ लिन सकिने उहाँको विश्वास छ। प्रदेशमा भएका कृषि उपजलाई आन्तरिक बजारिकरण गर्ने तथा यहाँका उत्पादनहरू अन्तरराष्ट्रिय बजारमा लैजान काम गर्ने उहाँको भनाई थियो। 'बहुआयामिक महत्वका जडिबुटीहरु हामीसँग रहेका छन्, तीनलाई हामीले एग्रो फरेष्टमा परिवर्तन गर्ने, परम्परागत कृषि प्रणालीलाई व्यवसायिक गर्ने, यान्त्रीकिकरण गर्ने र खाद्यान्नमा आत्मनिर्भर हुने अवस्था ल्याउनुपर्छ' उहाँले भन्नुभयो ।

# Embassy of India Kathmandu (Nepal)

## Vacancy Announcement

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the post for **Type 'E' (Mobile) ECHS Polyclinic at Baglung.**

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Medical Officer | ECHS Polyclinic at Baglung |


2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by **19 May 2024.**

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Phone: 061-431477, 430232**


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पोखरा महानगरले गऱ्यो मजदुरलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख



पोखरा महानगरपालिकाले नगर क्षेत्रभित्रका १४ जना मजदुरहरुलाई सम्मान गरेको छ। महानगरको सहरी योजना आयोगअन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्रले विश्व मजदुर दिवसको सन्दर्भ पारेर उनीहरुलाई सम्मानित गरेको हो।

सम्मानित हुनेहरुमा श्रमिक तथा स्वरोजगार मजदुर रहेका महानगरको व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले जानकारी दिए। सम्मानित हुनेमा मंगली परियार,कमलबहादुर पुलामी, धनप्रसाद उपाध्याय,रिता कार्की, विष्णुमाया श्रेष्ठ, मुक्ति पाण्डे,तीर्थराज मगर,चन्द्रप्रसाद गुरुङ, चन्द्रकला रानाभाट, इन्द्रबहादुर गुरुङ, दिलबहादुर तुलाधर, महिमा शाही, प्रेमबहादुर कुमाल, दलबहादुर मगरलगायत रहेका छन्। विभिन्न ट्रेड युनियनहरुको सिफारिसमा उनीहरुलाई सम्मानित गरिएको हो। श्रम र श्रमिकको सम्मान गर्ने परिपाटीको विकास गर्न यस्तो अभियान थालिएको सहरी योजना आयोगका उपाध्यक्ष प्रेमलाल लामिछानेले जानकारी दिए। उनले महानगरले मजदुरहरुको तथ्याङ्क संकलन, उनीहरुलाई न्यूनतम ज्याला र रोजगारीको ग्यारेण्टीका योजनाहरु बुनेको पनि सुनाए। मजदुर दिवसकै सन्दर्भमा महानगरले शुक्रबार औद्योगिक श्रम सम्बन्ध सुधारमा पालिकाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम पनि आयोजना गऱ्यो। कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा कार्यवाहक अध्यक्ष गोकर्ण कार्कीले मजदुरको अधिकार रक्षाको लागि निजी क्षेत्र गम्भीर रहेको बताए।न्यूनतमपारिश्रमिक,सामाजिक सुरक्षा कोषमा आवद्धतालगायतका विषयमा यसअघि नै सहमति कायम भएको बताउँदै उनले मजदुर र रोजगारदाताबीच असल सम्बन्ध जरुरी रहेकोमा जोड दिए। सामाजिक सुरक्षा कोषमा आवद्धतामा केही समस्या देखिएको र कतिपय अवस्थामा मजदुर नै त्यसमा सहभागी हुन नखोजेको उनको भनाइ थियो।

पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष यामनाथ तिमिल्सिनाले मजदुरहरुलाई तोकिएको पारिश्रमिक दिनु रोजगारदाता र आफ्नो जिम्मेवारी पूरा गर्नु मजदुरको कर्तव्य भएको बताए। संयुक्त ट्रेड युनियन समन्वय केन्द्र गण्डकीका संयोजक मुरारी शर्माले मजदुरहरुले अझै पनि राज्यबाट तोकिएको ज्याला पाउन नसकेको बताए। उनले मजदुरको सामाजिक सुरक्षाप्रति संवेदनशील हुन निजी क्षेत्रसँग आग्रह गरे। जिफन्ट गण्डकीका अध्यक्ष रुद्र खत्रीले स्थानीय तहले औपचारिक र अनौपचारिक क्षेत्रमा रहेका मजदुर हरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने अभियान थाल्नुपर्ने बताए। उनले स्वास्थ्य संस्थादेखि उद्योगसम्मले मजदुरलाई तोकेको पारिश्रमिक नदिएको जिकिर पनि गरे। अखिल नेपाल ट्रेड युनियन महासंघ गण्डकीका अध्यक्ष टंक पौडेलले उद्योग प्रतिष्ठानले तोकेको पारिश्रमिक नदिँदा जनशक्ति विदेशिएको बताए। पृथ्वी राजमार्ग बस कम्पनी प्रालिका अध्यक्ष योगेन्द्र केसीले मजदुरको पेशागत सुरक्षालाई राज्य र रोजगारदाता दुवैले केन्द्रमा राख्नुपर्ने बताए। ट्रेड युनियन कांग्रेस कास्कीका अध्यक्ष कमल सापकोटाले सामाजिक सुरक्षा कोषको आवद्धता तथा तोकिएको पारिश्रमिक दिनबाट उम्कनको लागि उद्योग/प्रतिष्ठानले 'आउट सोर्सिङ'को बाटो रोजेकोमा आपत्ति जनाए। एकीकृत ट्रेड युनियन महासंघ गण्डकी अध्यक्ष तीलबहादुर विश्वकर्माले. महिलालाई कम ज्याला दिने प्रवृत्ति अन्त्य हुनुपर्ने धारणा राखे।

# मौजा मोहोरियामा छुवाछुत कसूर ऐन सम्बन्धमा अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

पोखरा महानगरपालिका वडा नं. २० भलाम मौजामा दुई दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ।

वडा नं. २० वडा समितिबाट आयोजना भएको सो कार्यक्रममा ३५ जना उत्पीडित समुदायका महिला बिच कार्यक्रम गरिएको हो। जनप्रतिनिधि वडा सदस्यहरु गन्जमान गुरुङ, रुपा नेपाली, सूचना अधिकारी डम्बर सिं गुरुङले उत्पीडित समुदायका दिदीबहिनीहरु सचेत नभएसम्म टोल गाउँको विकास नहुने बताउनुभयो।

प्रशिक्षक पोखरा म.न.पा.का पूर्व प्रवक्ता धन बहादुर नेपालीले सामाजिक विभेदका कारणले शोषण उत्पीडन बढाएको चर्चा गर्दै विभेद गर्दा मानव अधिकारको हनन हुने विचार राख्दै विभेदजन्य कार्य कसूर हो त्यसैले सजाय हुन्छ भन्ने चेतना बढाउनु पर्ने विचार राख्नुभयो।



फेवातालमा डुङ्गा सरर : पोखराको फेवातालमा डुङ्गा चढेर ताल बराही मन्दिर जाँदै आन्तरिक तथा बाह्य पर्यटक। तस्बिर : चन्द्रकल क्षेत्री/रासस

# रासायनिक विषादीको प्रयोग घटाउन 'आइपिएम' कृषक पाठशाला

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ बैशाख

कृषकलाई रासायनिक विषादी र मलको विकल्पमा प्राङ्गारिक विधिबाट खेती गर्ने ज्ञान प्रदान गर्न यस वर्ष म्याग्दीका आठ ठाउँमा एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कृषक पाठशाला सञ्चालन भएको छ।

बेनी नगरपालिकाले पाँच, कृषि ज्ञान केन्द्रले दुई र बाली संरक्षण प्रयोगशाला पोखराले एउटा कृषक समूहमार्फत पाठशाला सञ्चालन गरेका हुन्। आइपिएम सहजकर्ता सोवित शर्माले १८ हप्ताका लागि गोलभैंडा, आलु र काँक्रो खेतीमा आइपिएम कृषक पाठशाला सञ्चालन गरिएको जानकारी दिनुभयो। "कृषकलाई मित्र र शत्रुजीव पहिचान गर्न सिकाएर स्थानीयरुपमा उपलब्ध जैविक विषादी र मलको प्रयोगमार्फत स्वच्छ फसल उत्पादन गर्ने उद्देश्यले पाठशाला सञ्चालन गरेका छौँ", उहाँले भन्नुभयो, "हरेक समूहका कृषकलाई हप्ताको एक दिन चार घण्टाका दरले प्राविधिक र व्यवहारिक ज्ञान प्रदान गरिरहेका छौं।" शर्माका अनुसार प्रयोगात्मक अभ्यासका लागि एक रोपनी जमिनमा चार वटा पल्ट (ड्याङ) बनाएर फरक तरिकाले फरक जातको काक्रो, आलु र गोलभैंडाको सामुहिक खेती गरिएको छ। बेनी-१ अर्जममा बाली संरक्षण प्रयोगशालाको सहयोगमा गोलभैंडा खेतीका लागि आयोजना भएको आइपिएम पाठशालामा २९ जना कृषक सहभागी भएका उहाँले जानकारी दिनुभयो। कृषि ज्ञान केन्द्रको सहयोगमा बेनी-२ को बगरफाँटमा काँक्रो र मङ्गला गाउँपालिका-२ तोराखेतमा आलु खेतीका लागि सञ्चालन भएको पाठशालामा २५/२५ कृषक सहभागी भएका छन्।

बेनी-३ भकिम्लीको भकुभुकेमा स्वर्गाश्रम, वडा नं ५ को बगुवाखोला, वडा नं ९ तोरीपानी र वडा १० नं पाल्लेखेतमा आलु खेतीका लागि उक्त पाठशाला सञ्चालन गरिएको छ। ती सबै पाठशालामा कम्तीमा २५ जनाका दरले कृषक सहभागी भएका आइपिएम सहजकर्ता शर्माको भनाइ छ। बेनी-६ जामुनाखर्कमा आलु बालीमा पाठशाला सञ्चालन भएको छ। बेनी-१ अर्जमको देउराली आइपिएम कृषक समूहका अध्यक्ष तुलसी थापाले स्थानीयस्तरमा उपलब्ध प्राङ्गारिक मल, गाइभैंसीको मुत्र र जैविक विषादीको प्रयोगबाट रोगकिरा पहिचान तथा व्यवस्थापन गर्न पाठशाला सञ्चालन गरिएको बताउनुभयो। "तितेपाती, असुरो, खरानी, गाइभैंसीको मुत्रको प्रयोगबाट खेतीबालीमा लाग्ने रोग तथा किरा नियन्त्रण गरी स्वच्छ फसल उत्पादन बढाउनेबारे सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गरेका छौँ", उहाँले भन्नुभयो, "रासायनिक मल र विषादीका लागि हुने लगानी तथा स्वास्थ्यमा पर्ने असर न्यूनीकरणका लागि प्राङ्गारिक खेती गर्न थालेका छौँ।" "खेतीबालीमा शत्रुजीव मात्र हुँदैन, मित्रजीव पनि हुन्छन् भन्ने ज्ञानको कमी छ। कुन जिव मित्र र शत्रु हो भन्ने पहिचान नगरी जथाभावी विषादी प्रयोग गर्दा बेफाइदा गर्ने भएकाले शत्रु जीवलाई जैविक विषादीबाट नष्ट गर्ने ज्ञान, सीप पाठशालाबाट पाएका छौँ", कृषक सुन्दर थापामगरले भन्नुभयो।

पाठशालामा कृषकलाई भेला गराएर सैद्धान्तिक विषयमा अभिमुखीकरणका साथै प्रयोगात्मक अभ्यास गराइएको आइपिएम सहजकर्ता क्षेत्रबहादुर कटुवालले बताउनुभयो। "आइपिएम, परम्परागत र प्रदर्शनी विधिबाट फरक जातका बिरुवा रोपेका छौँ", उहाँले भन्नुभयो, "परम्परागत तुलनामा आइपिएम विधिबाट खेती गर्दा धेरै उत्पादन लिन सकिने देखिएको छ।" गत आर्थिक वर्षमा बेनी-१ उपल्लाचौर, वडा नं २ को भकुण्डेचौर, वडा नं ६ को छाप र वडा नं ४ को सिङ्गामा सञ्चालन भएको आइपिएम कृषक पाठशाला प्रभावकारी बनेको थियो।

# 'मौरिस हर्गोज' पदमार्गको प्रवर्द्धनका लागि म्याग्दीका जनप्रतिनिधिको पदयात्रा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जोड्ने 'मौरिस हर्गोज' पदमार्गको प्रवर्द्धनका लागि म्याग्दीका जनप्रतिनिधिहरूको टोलीले पैदलयात्रा गरेका छन्।

म्याग्दीको नयाँ 'भर्जिन' गन्तव्यका रूपमा विकास हुन थालेको उक्त पदमार्गमा पूर्वाधारको अवस्था र आवश्यकता पहिचान तथा प्रवर्द्धनका लागि बुधबार आधार शिविर प्रस्थान गरेको टोली शुक्रबार पैदलयात्रा सकेर फर्किएको हो। जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापाको नेतृत्वमा ६ वटा स्थानीय तहका प्रमुख, उपप्रमुख, विज्ञ, जनप्रतिनिधि, प्राविधिक, पत्रकार र स्थानीय अगुवाहरू गरी ४० जनाको सहभागिता रहेको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो। "मौरिज हर्गोजले अन्नपूर्ण हिमाल आरोहण गर्न प्रयोग गरेको पैदलमार्गलाई पछ्याएर पदमार्ग बनाएका छौं," उहाँले भन्नुभयो, "अन्नपूर्ण हिमाल म्याग्दीमा भएर पनि यसको रोयल्टी लगायतको लाभ हामीले पाउन सकेका छैनौं। यो तथ्यलाई पुष्टि गरेर वित्त आयोगले वितरण गर्ने पर्यटन रोयल्टी म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा ल्याउने र पदमार्गको प्रवर्द्धन गर्ने उद्देश्यले पैदलयात्रा गरिएको हो।"

हुमखोला हुँदै गुरासेडाँडा, फुतफेते झरना, सम्धीखर्क, भुसकेत, नारच्याङ पञ्चकुण्ड ताल हुँदै चार हजार एक सय मिटर उचाइको अन्नपूर्ण हिमालको आधार शिविरसम्म पैदलयात्रा गरेर फर्किएको टोलीमा सहभागी जिसस प्रमुख राजकुमार थापाले बताउनुभयो। पदमार्ग, झोलुङ्गे पुल, विश्रामस्थल, आश्रयस्थललगायत पर्यटन पूर्वाधार तयार भएपछि अन्नपूर्ण आधार शिविरमा पर्यटकहरू पुग्न थालेका छन्। नारच्याङदेखि कूल ४२ किलोमिटरको दूरीमा रहेको नर्थ अन्नपूर्ण आधार शिविर पुग्नका लागि हुमखोलासम्म नीलगिरिखोला जलविद्युत् आयोजनाले २० किलोमिटर सडककोमार्गखोलेकोछ।हुमखोलादेखि आधार शिविरसम्मको २२ किलोमिटर दूरीमा पदमार्ग निर्माण भएको छ। एकै दिन पैदलयात्रा गरेर पुगिने र नयाँ ठाउँ भएकाले 'भर्जिन' गन्तव्य रोज्नेहरूलाई अन्नपूर्ण नर्थ बेसक्याम्प आकर्षक गन्तव्य बन्ने सम्भावना रहेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

सन् १९५० जुन ३ तारिकका दिन फ्रान्सका मौरिस हर्गोजले आठ हजार ७१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्नुभएको थियो। मौरिस हर्जोगले अन्नपूर्ण आरोहण गरेको दुई वर्षपछि सगरमाथाको पहिलो आरोहण भएको थियो। अन्नपूर्ण पहिलोपटक मानव पाइला परेको आठ हजार मिटर अग्लो हिमाल हो। हर्गोजले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै विसं २०६८ मा नारच्याङका तेज गुरुङको नेतृत्वमा 'मौरिज हर्गोज पदमार्ग'को पहिचान गरिएको थियो। अन्नपूर्ण आधार शिविरमा पुग्ने पदमार्ग, झोलुङ्गे पुल, आश्रयस्थललगायत पूर्वाधार बनाउन पर्यटन मन्त्रालयले रु दुई करोड ८० लाख र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले रु ४० लाखभन्दा बढी लगानी गरेका छन्।

चालु आर्थिक वर्षमा गाउँपालिकाको रु ५० लाख बजेटमा भुसकेत र आधार शिविरमा आश्रयस्थल निर्माण गर्ने तयारी भएको छ। अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ। अन्नपूर्णको फेदीमा करिब २० हजार वर्गमिटरमा फैलिएको मनोरम पञ्चकुण्ड ताल यहाँका थप आकर्षणका रूपमा रहेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ दुवांर दुलेगौडा कस्यारघाट सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः दुवांर दुलेगौडा कस्यारघाट सडक निर्माण
ठेगानाः पोखरा-२१, कस्यारघाट
योजना सम्झौता मितिः २०८०/०९/२९ गते
योजना शुरु मितिः २०८०/१०/०२ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ६८६९८१/३५
महानगरपालिकाबाटः रु. ६,००,०००/-
जनसहभागिताबाटः रु. ८६९८१/३५
अध्यक्षः खेमराज आचार्य सम्पर्क नं.: ९८४३९९६०९०
उपभोक्ता समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४

**दुवांर दुलेगौडा कस्यारघाट सडक निर्माण उपभोक्ता समिति**
**पोखरा-२१, कस्यारघाट, कास्की**

## शिक्षक आवश्यकता

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय गण्डकी प्रदेश कास्कीको शिक्षा महाशाखाको च.नं. ७८६ पत्र संख्या ०८०/०८१ मिति २०८१/०१/२० गतेको पत्र अनुसार यस श्री जन जागृती आधारभूत विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह तृतीय श्रेणीको राहत गणित विषयको शिक्षक पद पूर्ति गर्नुपर्ने भएकाले तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट प्रकाशित मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**
विज्ञापन नं.: ०१/२०८०/२०८१ पदः शिक्षक संख्याः १ जना
तहः नि.मा.वि. राहत विषयः गणित
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
तलव स्केलः नेपाल सरकारको प्रचलित नियम सरह
योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट + २ उर्त्तीण वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८१/०२/४ गते ४ बजेसम्म
सम्पर्क मितिः फोनबाट जानकारी गराइने।
दरखास्त दस्तुरः रु १०००।- (एक हजार मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
नोटः करार सूचीमा भएका उम्मेदवारहरुले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो करार सूची क्रमाङ्क सहित विद्यालयमा निवेदन दिनुपर्नेछ।
नोटः उपल्लो शैक्षिक योग्यता र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएकालाई विशेष ग्रहायता दिइने छ।

**श्री जन जागृती आधारभूत विद्यालय**
**पोखरा-२१ निर्मलपोखरी शिवालय, कास्की**
**सम्पर्क नं.: ९८४६०६१६५१ प्र.अ. ९८५६०८५३८५ सूचना अधिकारी**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
२००६ साल चैत्र

स्वर्गारोहणः
२०८१ बैशाख १० गते

**स्व. मिमलाल प्रधान**

**श्री भैरव साँस्कृतिक संरक्षण समितिका आजिवन सदस्य तथा श्री भैरव नृत्यमा श्री भैरवको वरिष्ठ कलाकार मिमलाल प्रधानको असामयिक स्वर्गारोहण हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माको चिरशान्ति एवं उहाँको बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा शोकाकुल परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि श्री भैरवनाथसँग प्रर्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**तीर्थमान प्रधानाङ्ग**
**अध्यक्ष तथा**
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**